नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभागको

**Cryptocurrency/ Virtual Currency, Non-Fungible Token, Digital Asset, Decentralized Finance, Network Marketing तथा Hyper Fund कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना**

यस बैंकले Bitcoin कारोबार, Cryptocurrency कारोबार र Virtual Currency/Cryptocurrency, Network Marketing तथा Hyper Fund अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको बारे क्रमशः मिति २०७४/०४/२९, २०७८/०५/२४, २०७८/१०/०९ र २०७९/०४/३० मा सार्वजनिक सूचनाहरु प्रकाशन गरेको पुनः अवगत गराइएको छ ।

नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) ले कानूनी मान्यता नपाएको, नेपालमा कानूनी ग्राह्य (Legal Tender) नभएको, नेपाल सरकारको जमानत प्राप्त नभएको, यस बैंकले निष्कासन समेत नगरेको तथा कुनै पनि किसिमको सुरक्षण नभएको र यस्तो कारोबारबाट विदेशमा लगानी हुने देखिएकोले Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi) को कारोबार विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम गैरकानूनी रहेको छ । साथै, Virtual Currency/Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund मा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा लगानी, ठगी, कर छली, लगानीको असुरक्षा, पुँजी पलायन, मूल्यमा अस्थिरता एवम् उतार-चढाव, सट्टेबाजी आदि सम्बन्धी जोखिमहरु अन्तरनिहित हुने विषय समेत स्मरण गराइएको छ ।

अतः नेपालभित्र बसोबास गर्ने नेपाली नागरिक/फर्म/कम्पनी/संस्था (विदेशी समेत) र नेपाल बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपालमा दर्ता भई नेपाल बाहिर रहेका, फर्म, कम्पनी, संस्था तथा त्यस्ता कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरुले विदेशमा लगानी हुने गरी कुनै पनि प्रकारका Virtual Currency/ Cryptocurrency (Stablecoins समेत), Non-Fungible Token (NFT), Digital Asset, Decentralized Finance (DeFi), पिरामिडमा आधारित Network Marketing तथा Hyper Fund कारोबार गरे/गराएको पाइएमा तथा सोको प्रयोग/ संलग्नता/ सदस्यता/ लगानी/ स्वामित्व ग्रहण/ स्थानान्तरण/ विप्रेषण/ विनिमय/ Mining सम्बन्धी कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइटमा सूचना प्रकाशन भएको मिति : २०७९/१२/२० ।

उ... २०७९।१२।२०